# राष्ट्रिय सूचना आयोग

## देवीनगर, काठमाडौं

**सूची दर्ता तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना**

यस आयोगको लागि आर्थिक बर्ष २०७६/०७७ मा आवश्यक पर्ने तपसिल बमोजिमका वस्तु/सेवा आवश्यक परेका बखत खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ता गर्न रीतपूर्वक निवेदन दर्ता गराउनु हुन अद्यावधिक गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) खरिद तथा आपूर्तितर्फ :**

१. स्टेशनरी मालसमानहरु (मसलन्द तथा विविध)।

२. छपाई सम्बन्धी कार्य।

३. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग।

४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, युपियस, एयर कण्डिसन, फ्याक्स, स्क्यानर, टोनर तथा रिफिलिङ्ग आदि मेसिनरी तथा इलेक्ट्रिक समान।

५. पिउने पानी (जार तथा बोटलको सिलप्याक) आपूर्ति कार्य।

६. पत्रपत्रिका तथा पुस्तकहरु आपूर्ति कार्य, आपूर्ति।

**(ख)मर्मत तर्फ :**

१. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, युपियस, एयर कण्डिसन, फ्याक्स मेसिन, स्क्यानर मेसिन तथा अन्य इलेक्ट्रिक सामान।

२. सवारी साधन (कार, जीप, मोटरसाइकल आदि) को पार्टपूर्जा आपूर्ति तथा तिनको मर्मत सम्बन्धी कार्य।

३. टेलिफोन, नेटवर्क, इन्टरनेट, इलेक्ट्रिक लाइन मर्मत तथा विस्तार सेवा।

४. भवन मर्मत, ढल मर्मत सुधार, कोठा पार्टेसन, रंग रोगन आदि।

५. फर्निचर मर्मत सम्बन्धी।

**(ग) सेवा तर्फ :**

१. परामर्श सेवा खरिद सम्बन्धी कार्य (अध्ययन, अनुसन्धान, जनशक्ति विकास सम्बन्धी सेवा आदि)।

२. आयोगबाट सम्पादन गरिने कार्यहरुको प्रचार सामग्री निर्माण तथा प्रसारण सम्बन्धी कार्य।

३. सवारी साधन (जिप, कार, भ्यान, मोटरसाईकल, बस आदि) भाडामा लिने कार्य, चालक प्रशिक्षण कार्य।

४.सवारी साधन (जिप, कार, भ्यान, मोटरसाईकल, बस आदि) चालक प्रशिक्षण कार्य।

५. विभिन्न विषयका कर्मचारी तालिम।

६. कार्यालयको सरसफाई, वगैचा निर्माण तथा सम्भार।

७. विज्ञापन तथा सूचना प्रकाशन/प्रसारण सेवा।

८. हवाई टिकट (स्वदेश तथा विदेश) आपूर्ति सम्बन्धी सेवा।

९. चिठ्ठीपत्र, पार्सल, अन्य वस्तु ढुवानी सम्बन्धी (स्वेदश तथा विदेश, कुरियर सेवा।

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजात**

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्र तथा इजाजत पत्रको प्रमाणित छायाँप्रति।

२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रमाणित  छायाँप्रति।

३. आर्थिक वर्ष ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति।

**<u>नोट :</u>**

- एकभन्दा बढी समूहमा सूचीकृत हुन चाहनेले प्रत्येक समूहका छुट्टा छुट्टै निवेदन दिई सूची दर्ता गराउन पर्नेछ।
- सम्पर्कको लागि फ्याक्स ठेगाना, मोबाईल, टेलिफोन नं,. सम्पर्क व्यक्तिको नाम, अनिवार्य रुपले निवेदनमा उल्लेख गर्नु पर्नेछ।
- आफ्नो कारोवारको व्यहोरा खुलाई कुन समूहमा सूचीकृत हुन चाहेको हो स्पष्ट खुलाउनु पर्नेछ।
- निवेदन व्यक्ति, फर्म, कम्पनी एवं संस्थाले आफ्नो निवदेनमा यस अघि कुनै कसुर नगरेको, सर्वाजनिक खरिद कार्यमा भाग लिन रोक लागेको वा कालो सूचीमा परी अयोग्य नभएको र सार्वजनिक  खरिद कारवाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजायँ नपाएको व्यहोरा निवेदक स्वयंले घोषणा गरी निवेदनसाथ संलग्न गर्नु पर्नेछ।
- माग गरिएका कागजात नपुगेको, कागजात प्रमाणित नभएका तथा रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन।
- प्राप्त निवेदन उपर छानबिन गरी सूचिकृत गर्ने, नगर्ने अधिकार यस आयोगमा निहित रहनेछ।
- उपरोक्तानुसारको सूची आ.व. २०७६/७७ को लागि मान्य हुनेछ।
- सूचीकृत भएका फर्महरुको नामावली आयोगको वेभसाईट www.nic.gov.np तथा सूचना पाटीमा प्रकाशन गरिनेछ।

अनुसुची-२ ख

(नियम १८ को उपनियम (२) संग सम्बन्धित)

मौजुदा सूचीमा दर्ता भएको निस्सा

# राष्ट्रिय सूचना आयोग

## देवीनगर, काठमाडौं

श्री ……………………………………………….,
……………………………………………………. ।

**<u>मौजुदा सूचीमा दर्ता भएको प्रमाण</u>**

प्र.प.नं. :
सूची दर्ता नंः

श्री …………………………………………… बाट यस आयोगमा आर्थिक वर्ष २०७६/७७ का लागि …………… निर्माण कार्य/ सेवा/ मालसामान उपलब्ध गराउने प्रयोजनार्थ मौजुदा सूचीमा सूचीकृत हुन पाउँ भनी मिति : ………………………… मा यस आयोगमा निवेदन प्राप्त हुन आएको मौजुदा सूचीमा दर्ता गरी यो निस्सा/प्रमाण उपलब्ध गराईएको छ ।

दर्ता गर्ने अधिकारीको
नामः मोहन वहादुर बुढाथोकी
पदः ना.सु.
मितिः
दस्तखत :